


# नबी मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम को हुन् र उहाँले हामीहरूलाई के सिकाउनुभयो?

शैख डाक्टर हैसम सरहानले यसमाथि टिप्पणी गरेका छन्।
मस्जिदे नबवीको पूर्व शिक्षक र सुन्नह संस्थानको पर्यवेक्षक

sarhaan.com

## नबी मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम को हुन् र उहाँले हामीहरूलाई के सिकाउनुभयो ?

- उनी त्यो मान्छे हुन् जसले १४०० वर्ष देखि समस्त मानवजातिको अधिकारहरूको संरक्षण गर्नुभयो।

- पुरुष, महिला र साना तथा असहायहरुको रक्षा गर्नुभयो।

- उहाँले जनावर र वातावरणको अधिकारको रक्षा गर्दै पृथ्वीको हेरचाह गर्न आग्रह गर्नुभयो।

- उहाँले हामीलाई राम्रो बानी बसाल्ने आज्ञा दिनुभयो,र आफन्त र छिमेकीहरू बीचको सम्बन्धलाई सुदृढ गर्नुभयो।

- उहाँले  मुस्लिम र गैर मुस्लिम बीच सहअस्तित्वको सम्बन्ध स्थापित गर्नुभयो।

- उहाँले पारिवारिक सम्बन्ध जसमा आमा र बुवा पर्दछन,छोराछोरीहरुमाथि आमाबाबुको ठूलो र महत्त्वपूर्ण अधिकारहरुको सुनिश्चितता गर्नुभयो।

## नबी मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम को हुन् र उहाँले हामीहरूलाई के सिकाउनुभयो ?

- उहाँले अत्याचार निषेध गर्नुभयो, र न्याय, प्रेम, एकता र भलाइमा सहयोगको लागि आह्वान गर्नुभयो।

- उहाँले खाँचोमा परेकालाई सहयोग गर्ने, बिरामीलाई भेट्ने, माया गर्ने र एकअर्कालाई राम्रो सुझाव सल्लाह दिन आग्रह गर्नुभयो।

- उहाँले मुस्लिमहरूलाई चोरी, धोखा, हिंसा र उत्पीडन जस्ता खराब व्यवहारहरूबाट रोक्नुभयो।

- उहाँ त्यो हुन् जसले हाम्रो जीवन र नैतिकतालाई खराबबाट राम्रोमा परिवर्तन गर्नुभयो।

- उहाँले मुस्लिमहरूलाई चोरी नगर्न सिकाए।

- उहाँले मुस्लिमहरूलाई झुटो नबोल्न सिकाए।

- उहाँले मुस्लिमहरूलाई मदिरा सेवन नगर्न सिकाए।

## नबी मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम को हुन् र उहाँले हामीहरूलाई के सिकाउनुभयो ?

- उहाँले मुस्लिमहरूलाई व्यभिचार (दुष्कर्म) नगर्न सिकाए।

- उहाँले मुस्लिमहरूलाई धोखा नदिन सिकाए।

- उहाँले मुस्लिमहरूलाई निर्दोष मानिसहरूसँग झगडा नगर्न सिकाए।

- उहाँले मुस्लिमहरूलाई आफ्ना छिमेकीहरू, मुस्लिम र गैर-मुस्लिम सबैलाई हानि नपुर्याउन सिकाए।

- उहाँले मुस्लिमहरूलाई आफ्ना आमाबाबुप्रति यदि तिनीहरू एउटै धर्ममा नभएता पनि दया गर्न र उनीहरूको सेवा गर्न सिकाए।

- उहाँले मुस्लिमहरूलाई बालबालिका, महिला, कमजोर र वृद्धहरूप्रति सहानुभूति देखाउन सिकाए।

- उहाँले मुस्लिमहरूलाई कुनै पनि मानव वा जनावरलाई हानि नपुर्याउने र वातावरणलाई नष्ट नगर्न सिकाए।

## नबी मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम को हुन् र उहाँले हामीहरूलाई के सिकाउनुभयो ?

- उहाँले मुस्लिमहरूलाई आफ्नो पत्नीहरूलाई माया र प्रेम गर्ने, आफ्ना छोराछोरीको हेरचाह गर्ने र आफ्नो जीवनको अन्तिम दिनसम्म उनीहरूप्रति दया देखाउन सिकाउनुभयो।

- उहाँले मुस्लिमहरूलाई आफ्नो छोराछोरीहरूलाई वयस्क अवस्थामा पुगे पनि आफ्नो सम्बन्धलाई कहिल्यै त्याग्न सिकाउनुभयो।

- प्रत्येक मुस्लिम मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई अरूभन्दा बढी माया गर्छन्।

- नबी मूसा र येशूले उनको बारेमा खुशीको खबर दिए।

- प्रत्येक मुस्लिम मूसा र येशूलाई माया गर्छन् - उनीहरूमाथि शान्ति होस् - र विश्वास गर्दछन कि तिनीहरू सबै भन्दा राम्रो नबीहरूमध्येका हुन्, तिनीहरू सबैमाथि शान्ति होस्।

- नबी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई अरब र गैर-अरबहरूमा पठाइएको थियो।

## नबी मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम को हुन् र उहाँले हामीहरूलाई के सिकाउनुभयो ?

- उनको धर्ममा अरब र गैर-अरबहरू बीच धार्मिकता बाहेक कुनै श्रेष्ठता छैन।

- वास्तवमा, उहाँ मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम हुनुहुन्छ।

- के तपाईलाई थाहा भयो कि किन सबै मुस्लिमहरू मुहम्मद सल्लल्लाहु अलैहि सल्लमलाई माया गर्छन् ?

- के तपाईलाई अब थाहा भयो कि मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम मुस्लिमहरूको लागि के महत्व राख्छन्?

मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम र उहाँका शिक्षाहरू बारे थप जानकारीको लागि, कृपया हेर्नुहोस् :

शेखको वेबसाइट

sarhaan.com

सुन्नह संस्थान

mahadsunnah.com